**Office of the High Commissioner for Human Rights**

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

---

## संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त नवी पिल्ले - नागरिक समाजसँगको अन्तरक्रिया
## २०६५ चैत ६, राष्ट्रसङ्घ भवन, काठमाडौं
## मन्तव्य

नागरिक समाजका प्रतिनिधिहरूसँग आज यहाँ भेट गर्न पाउँदा म धेरै खुसी छु। यस देशमा जागरुक समाज विद्यमान छ भन्ने कुरा र उच्चायुक्तको कार्यालयलाई नेपालमा ल्याउन मात्र होइन द्वन्द्वको अवधिभर र वास्तवमा शान्ति प्रक्रियालाई अगाडि बढाउने सन्दर्भमा मानवअधिकारको ज्वालो दन्काइराख्न तपाईंहरूमध्ये धेरैले खेल्नुभएको मुख्य भूमिकाबारे निश्चय नै मलाई थाहा छ। सन् २००५ मा द्वन्द्व तीव्र भएको समययताको परिस्थितिमा अत्यन्त ठूलो परिवर्तन भए तापनि यस द्वन्द्वोत्तर चरणमा तपाईंहरू र मेरो कार्यालयबीचको साझेदारी अझ बढी आवश्यक रहेको छ र म आगामी वर्षहरूमा अझ निकट सहकार्य हुने प्रतीक्षामा रहेकी छु।

नेपालको स्थिति र मेरो कार्यालयका गतिविधिसम्बन्धी मानवअधिकार परिषद्मा प्रस्तुत मेरो हालैको वार्षिक प्रतिवेदनमा मैले विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएयता उल्लेखनीय प्रगति भएको कुरा उल्लेख गरेकी छु। त्यस्तै मैले अगाडि आउने चुनौतीहरू पहिले पार पाइसकिएकाहरू जत्तिकै कठिन भएको उल्लेख गरें।

मानवअधिकार ‘संरक्षणसम्बन्धी रिक्तता'को स्थिति नआओस् र बलियो संवैधानिक प्रत्याभूतिसहित सबै नेपालीको मानवअधिकारको सम्मान अभिवृद्धि होस् भन्ने कुरा सुनिश्चित गर्नु उच्चायुक्तको कार्यालय-नेपालको प्रमुख चिन्ता हो भनी म राष्ट्रिय संस्थाहरू र नागरिक समाजका हाम्रा सहकर्मीहरूलाई पुनः आश्वासन दिन चाहन्छु। शान्तिलाई सुदृढ बनाउनुपर्ने र ‘नयाँ नेपाल'का लागि काम गरिरहेकाहरूलाई सहयोग गर्नुपर्ने आवश्यकतालाई आत्मसात गर्दै हामीले द्वन्द्वको मूल भागमा रहेका र अहिलेसम्म जारी रहेका भेदभाव, सामाजिक, आर्थिक तथा साँस्कृतिक अधिकारको अभाव र दण्डहीनताजस्ता मानवअधिकारका मूलभूत मुद्दाहरूलाई सम्बोधन गर्नेतर्फ हाम्रा कार्यक्रमहरूलाई संकेन्द्रित गरेका छौं। तर, मानवअधिकारको स्थिति अचानक खस्केमा विगतमा जस्तै उपयुक्त ढङ्गबाट काम गर्न पनि हामी तयार छौं।

नागरिक समाज सङ्गठनहरूको क्षमता सुदृढ गरेर तथा प्रभावकारी संरक्षण गर्ने संयन्त्र बनाएरसमेत मानवअधिकार रक्षकहरूको संवर्द्धन र संरक्षण गर्नेतर्फ अहिले हाम्रो धेरै संकेन्द्रण छ। उच्चायुक्तको कार्यालयले प्राय गैससहरू र राष्ट्रिय मानवअधिकार आयोगसँग संयुक्त रूपमा पाँचै विकास क्षेत्रका मानवअधिकार रक्षकहरूका लागि तालिम कार्यक्रम सञ्चालन गर्दै आएको छ। उच्चायुक्तको कार्यालय÷नेपालले संरक्षणसम्बन्धी खाका सुदृढ बनाउन पहल गरिरहेको युरोपेली सङ्घको मानवअधिकार रक्षक कार्यसमूहमा पनि मुख्य भूमिका खेलेको छ र प्रवृत्तिहरूको पहिचान गर्न, सिफारिसहरू तयार गर्न तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदारहरूद्वारा सरकारसँग वकालती कार्य गर्न मानवअधिकार रक्षकहरूलाई लक्षित गरिएका प्रतीकात्मक घटनाहरूको सूचीको उपयोग गरिरहेको छ। यी मानवअधिकार रक्षकहरूमध्ये पत्रकारहरू पर्दछन्। रिपोर्टहरूका अनुसार, सञ्चारमाध्यमका कामप्रतिको सम्मान तथा अभिव्यक्तिको स्वतन्त्रताको अधिकार हालैका महिनामा घटेको छ। उच्चायुक्तको कार्यालय÷नेपालले पत्रकारहरूको

मानवअधिकारसम्बन्धी बुझाइ सुदृढ बनाउन र उनीहरूको काम गर्ने वातावरण अझ बढी सुरक्षित बनाउनसमेत पत्रकारहरूलाई सहयोग गर्न जारी राख्नेछ।

निस्सन्देह, मानवअधिकार रक्षकहरूलाई सुरक्षा प्रदान गर्ने कुरा विगत तथा वर्तमानका मानवअधिकार उल्लङ्घनका लागि जवाफदेहीता सुनिश्चित गर्ने कुरासँग प्रत्यक्षतः सम्बन्धित छ। यस्तो अवस्था नेपालमा मात्र नभई विश्वभरि रहेको छ। सरकारले दण्डहीनता अन्त्य गर्ने आफ्ना प्रतिज्ञालाई कार्यान्वयन गर्न सार्थक कदम नचालेसम्म सीमान्तीकृत समुदायका सदस्य तथा गरिबहरूमध्येका सर्वाधिक गरिबलगायतका सबै व्यक्तिलाई धनी र शक्तिशालीहरूजत्तिकै मानवअधिकार प्राप्त भएको हेर्न आफूलाई समर्पण गर्ने साहसी व्यक्तिहरूका लागि कुनै सुरक्षा हुनेछैन। हामीले देखे जस्तै नेपालमा असीमित चुनौतीहरू छन्। मलाई थाहा छ यो एउटा तथ्याङ्क तपाईंहरूले बारम्बार सुनेर थाहा पाउनुभएको छ, तर सम्भव भएसम्म यसलाई दोहऱ्याउनु आवश्यक छः हाम्रा विभिन्न सङ्गठनहरूद्वारा जारी अनेकौं प्रतिवेदनमा गरिएका अनगिन्ती सिफारिसहरूका बाबजुद द्वन्द्वका क्रममा गरिएका मानवअधिकार उल्लङ्घनका लागि कसैलाई पनि अभियोजन गरिएको छैन।

बर्दिया जिल्लामा बेपत्ता पारिएका भनी पुष्टि भएका सयौं व्यक्ति वा भैरवनाथ ब्यारेकमा बेपत्ता पारिएका दर्जनौं वा काभ्रेमा सेनाद्वारा यातना दिई मारिएकी एक १५ वर्षीया बालिका कसैलाई पनि छैन। त्यसो भए हामीले के गर्ने त - हात उठाएर बस्ने ? होइन, हामीले एकअर्कासँग सहकार्य गर्न अनि नेपाल र बाहिर हाम्रा नियमित वृत्तभन्दा बाहिरका सामाजिक न्यायप्रति प्रतिबद्ध र हाम्रा मानवअधिकारसम्बन्धी मुद्दाका सम्भावित पक्षसमर्थक व्यक्ति र सङ्गठनहरूसम्म विस्तार हुन जारी राख्नुपर्छ। सरकारले मानवअधिकारसम्बन्धी आफ्ना दायित्वहरू पूरा गर्ने कुरा सुनिश्चित गर्न हामीले नेपाल, जेनेभा र न्युयोर्कमा सार्वजनिक रूपमा तथा बन्द ढोकाभित्र वकालती कार्य गर्न जारी राख्नै पर्छ। म यस कोठामा रहनुभएका सबैलाई राष्ट्रिय मानवअधिकार आयोग तथा अन्य राष्ट्रिय मानवअधिकार संस्थालगायतका तपाईंहरूको नियमित क्षेत्रबाहिरका साझेदारहरूसँग कार्य गर्न प्रोत्साहन गर्छु। विगतका उल्लङ्घनहरूका लागि कसैलाई जवाफदेही नबनाइएसम्म पत्रकार उमा सिंह तथा व्यापारी रामहरि श्रेष्ठको हत्याजस्ता गम्भीर अपराधहरू जारी रहनेछन् र शान्ति प्रक्रिया खतरामा पर्नेछ।

दुर्भाग्यवश, तपाईंहरूलाई राम्रोसँग थाहा छ, दण्डहीनताको वातावरण र कानुनी शासनको अभावले गर्दा दुरुत्साहित भएकाहरूबाट प्रायः कञ्चनपुर जिल्लाकी लक्ष्मी बोहराजस्ता महिला मानवअधिकार रक्षकहरू लक्ष्यित हुने गरेका छन्। त्यसैले महिला मानवअधिकार रक्षकहरूलाई सुरक्षित बनाउन विशेष उपायहरू अवलम्बन गर्नु अत्यावश्यक छ। सार्वजनिक प्रतिवेदन तथा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा वकालती कार्यमार्फत् मेरो कार्यालयले मानवअधिकार रक्षकहरूको संरक्षणका लागि कदम चाल्न सरकारलाई आग्रह गर्न जारी राख्नेछ।

आजको दुई दिनपछि हामीले अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मूलन दिवस मनाउनेछौं। यो दिवस जातीय भेदभाव अन्त्य गर्न डर्बानमा गरिएको प्रतिबद्धताको समीक्षा गर्न हुन लागेको अन्तर्राष्ट्रिय सम्मेलनभन्दा ठीक एक महिनाअघि आउँदैछ र मलाई थाहा छ यहाँस्थित मेरो कार्यालयको सहयोगमा तपाईंहरूमध्ये केहीले समीक्षा सम्मेलनमा राख्ने आफ्ना सुझावहरू तयार गर्न कठिन परिश्रम गरिरहनुभएको छ। नेपालमा जातिमा आधारित भेदभाव उन्मूलन गर्न उल्लेख्य कदमहरू चालिएका छन्। तर छुवाछूतलाई गैरकानुनी घोषणा गर्ने उपायहरूसँगै भेदभावकारी प्रचलनहरूविरुद्धका विद्यमान कानुन कार्यान्वयन गर्ने काम पनि हुनुपर्छ र एकपटक फेरि मानवअधिकार उल्लङ्घन गर्नेहरूका लागि जवाफदेहीताको कुरा आउँछ।

मलाई विश्वास छ, भेदभाव नेपालमा द्वन्द्वका मूल कारणहरूमध्ये एक थियो भन्ने कुरामा आम सहमति छ। वि.सं. २०६३ मा युद्धविराममा हस्ताक्षर भएयता भेदभाव अन्त्य गर्नेसम्बन्धमा देशमा आजसम्मकै सबैभन्दा

बढी प्रतिनिधिमूलक शासकीय निकायको निर्वाचन तथा निजामती सेवामा आरक्षणको व्यवस्थालगायतका प्रमुख कदमहरू चालिएका छन्। इतिहासदेखि नै सीमान्तीकृत समुदाय तथा महिलाहरूलाई राष्ट्रिय संस्थाहरूमा सही स्थान दिनु अत्यावश्यक छ तर यी समुदायहरूले आफ्नो दैनिक जीवनमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सम्मान भएको र ती अधिकारहरूको उल्लङ्घन हुँदा उनीहरूलाई न्यायसम्मको पहुँचको व्यवस्था भएको देख्न पाउनु उत्तिकै महत्त्वपूर्ण छ। तपाईंहरूमध्ये धेरैजना अहिले यी समुदायका सदस्यहरूलाई चालु संविधान निर्माण प्रक्रियाबारे जानकारी दिएर तथा नयाँ संविधानमा तिनका मानवअधिकारको पूर्ण सम्मान सुनिश्चित गर्ने प्रयासमा उनीहरूका प्रयासहरूमा थप सहयोग गरेर महत्त्वपूर्ण भूमिका खेलिरहनुभएको छ।

उच्चायुक्तको कार्यालय-नेपालको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी विषयवस्तुगत समूहले अहिले यी मुद्दाहरूसँग सान्दर्भिक दुईवटा प्रतिवेदनहरूको मस्यौदा गरिरहेको छः पहिलो, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको न्यायिकतासम्बन्धी तथा दोस्रो, सीमान्तीकृत समुदायका सदसयहरूका लागि न्यायमा पहुँच। नेपालका सन्दर्भमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको प्रवर्द्धन तथा संरक्षणमा अघि बढ्ने क्रममा हामी हाम्रा निष्कर्षहरूबारे तपाईंहरूलाई जानकारी दिन प्रतीक्षारत छौं।

अन्ततः, मानवअधिकार रक्षकहरू र मेरो कार्यालयजस्ता कार्यालयहरू वरिष्ठ तहका कर्तव्यवाहकहरूले आफ्ना मानवअधिकारसमबन्धी दायित्व पूरा गरून् भन्ने कुरा सुनिश्चित गर्न उनीहरूसँग काम गरिरहे तापनि अरू कुनै ठाउँमा जस्तै नेपालमा सबल मानवअधिकार संस्कृति बसाल्न सँगसँगै जनस्तरको पद्धति आवश्यक पर्छ। आम जनताले स्थानीय राज्यअधिकारीहरू र सुरक्षाफौजसँग आफ्नो अधिकारको सम्मानको माग गर्न सक्ने गरी उनीहरू सशक्त होऊन् भनेर जनचेतना अभिवृद्धि गर्ने कार्य त्यस्तो क्षेत्र हो जहाँ उच्चायुक्तको कार्यालय नागरिक समाज सङ्गठनहरूको अगुवाइ गर्ने कार्यमा सहयोग गर्न तयार छ। हामीले हातेमालो गरेर काम गर्‍यौं भने हामी त्यस्तो विन्दुमा पुग्नेछौं जहाँ हाम्रो सहयोगमा जनताको आवाज राज्यअधिकारीहरूले अवज्ञा गर्न नसक्ने गरी ठूलो हुनेछ। म नेपालमा त्यो दिन आइपुगेको देख्न प्रतीक्षारत छु।

धन्यवाद